देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८२ बैशाख ७ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | नगर प्रहरी ऐन, २०७६ (तेस्रो संशोधन २०८१) को दफा १३ उपदफा (२) बमोजिम तपसिलका नगर प्रहरी जवान उम्मेदवारहरुलाई करार सेवामा नियुक्ति दिने ।<br>• लिल बहादुर राना<br>• अशोक कुमार भुज<br>• पुनम दर्लामी<br>• समिर राना मगर<br>• पावन पासी | |
| २ | आ.व. ०८२/८३ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत आयोजना/ कार्यक्रमहरु प्रस्ताव गर्ने । | |
| ३ | आ.व. ०८२/८३ का लागि विशेष अनुदान अन्तर्गत आयोजना/ कार्यक्रमहरु प्रस्ताव गर्ने । | |
| ४ | आर्थिक वर्ष २०८२/०८३ को नगर सभाको पहिलो वैठक २०८२/०२/२६ गते र दोश्रो बैठक मिति २०८२/०३/०६ गते आव्हान गर्ने । उक्त दोश्रो वैठकमा आर्थिक वर्ष २०८२/०८३ को बजेट पेश गर्ने । | |
| ५ | शिक्षक तथा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८० संशोधन गर्ने विषयमा छलफल भई आगामी कार्यपालिका बैठकमा पेश गर्ने । | |
| ६ | नगरस्तरी अनुगमन तथा मूल्याङ्कन समितिद्धारा पेश भएको २०८१ चैत्र महिनाको योजना तथा कार्यक्रमको सुपरिवेक्षण प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश गरी छलफल गरियो । | |
| ७(क) | देवदह नगरपालिका वडा नं. १० बस्ने विष्णु बहादुर थापा मगरको किराना पसल एण्ड फ्रेस हाउसमा आगलागी भई पसलमा रहेको सम्पूर्ण सामानहरु जलि नष्ट भएकोमा निजलाई आर्थिक सहायता स्वरुप रु. पच्चीस हजार उपलब्ध गराउने । | |
| ७(ख) | देवदह नगरपालिका वडा नं. ११ निवासी राज कुमार पासीको श्रीमती सन्ध्या पासीको उपचारको लागि रु. पच्चीस हजार आर्थिक सहायता उपलब्ध गराउने । | |